# आन्तरिक मामिला तथा कानून मन्त्रालय सँग सम्बन्धित सार्वजनिक विवरण

प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) को प्रयोजनार्थ
(२०८१ साउन देखि २०८१ कार्तिक मसान्त सम्म)



आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
मङसिर, २०८१

## १. मन्त्रालयको संक्षिप्त परिचय

### १.१ मन्त्रालयको पृष्ठभुमिः

नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार प्रदेशमा ७ वटा मन्त्रालय स्थापना भएकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि रहेको थियो।विभिन्न समयमा भएका राजनीतिक परिवर्तन र सोको व्यवस्थापनको क्रममा बागमती प्रदेश सरकारमा हाल १४ मन्त्रालय रहेकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालय गृह प्रशासन तथा कानून लगायतका विषयसँग सम्बन्धित मन्त्रालय रहेको।

यस मन्त्रालय अन्तरगत प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थापना भएको सञ्चार रजिष्ट्रारको कार्यालय रहेको छ। बिचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार एवं सूचनाको हक संरक्षण, सम्बर्धनका लागि प्रदेश भित्रका बिभिन्न भाषा,साहित्य,कला र संस्कृतिको उत्थान तथा प्रबर्धनमा सहयोग पुर्याउन, सञ्चार माध्यमको अनुमति दिने, नविकरण गर्ने र नियमन गर्ने लगायत सञ्चार माध्यम र सुचना सञ्चार सँग सम्बन्धित विषयगत क्षेत्रमा रहि यस कार्यालयले आफ्नो कार्यसम्पादन गरिरहेको अवस्था छ।

### १.२ उद्देश्य

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्वर्द्धनगर्ने ।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।

## १.३ लक्ष्य

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी विधिको शासन एवं प्रविधीमैत्री वातावरण सृजना गरी शासकीय प्रबन्ध मिलाउनु यस मन्त्रालयको लक्ष्य रहेको छ ।

## १.४ कार्यजिम्मेवारी

बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली,२०८० बमोजिमको जिम्मेवारी मध्ये शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सूचना तथा सञ्चार, प्रदेशस्तरका कानून, प्रदेशसभा मामिला सम्बन्धी कार्यक्षेत्र प्रमुख कार्यक्षेत्रको रुपमा रहेको पाईन्छ।प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन/व्यवस्था सञ्चालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउनु आन्तरिक मामिला तथा कानून मन्त्रालयको मूल जिम्मेवारी रहेको छ । बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली,२०८० अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छ:

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य
२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
३. प्रदेशभित्र भ्रमणमा रहेका अतिविशिष्ट व्यक्ति र विशिष्ट व्यक्तिहरुको सुरक्षा समन्वय
४. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय

५. संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन

६. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय

७. कानून, न्याय तथा प्रदेश सभा मामिला

८. प्रदेश सभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण

९. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग

१०. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग

११. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण

१२. सामुदायिक प्रहरी

१३. प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन

१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय

१५. गुनासो र विवाद व्यवस्थापन

१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन

१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन

१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति

१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी

२०. अन्तरप्रदेश सुरक्षा सम्बन्ध

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान

२२. स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय

२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र  संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२४. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना रसञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

२५. प्रदेश सरकारले दिने उपाधि,सम्मान तथा विभूषणको सिफारिस

२६. प्रदेशस्तरमा सार्वजनिक समारोह, विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन

२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्दबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना

२८. सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी

२९. प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन (रेडियो, एफएम, तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, ईजाजत र नविकरण

३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन

३२. प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन

३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन

३४. साइवर सुरक्षा अनुगमन

३५. प्रदेश सरकार अन्तर्गतका निकायहरुमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन, नियमन र सञ्जालीकरण

३६. छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन

३७. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण

३८. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन

३९. प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार

४०. केबुल वितरणको इजाजत, नवीकरण र नियमन

४१. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

४२. चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन

४३. प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका एवम् कार्यविधिको सहमति

४४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन

४५. प्रदेश कानूनको प्रकाशन र वितरण

४६. प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखतको अनुवाद

४७. कानूनको एकीकरण र संहिताकरण

४८. नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका कराजन्य सम्झौताको अभिलेखिकरण, प्रकाशन


४९. व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्याङ्क सम्बन्धी कार्य

५०. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकार क्षेत्रको सिर्जना

५१. प्रदेश सरकारले गर्नुपर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य

# १.५ संगठन संरचना र दरबन्दी तेरिजः

## १.५.१ संगठन संरचना मन्त्रालयतर्फको



Scanned with CamScanner

## १.५.२ दरबन्दी तेरिज र पदपुर्ति (मन्त्रालय)

| सि.नं | पद | सेवा/समूह | दरबन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र | १ | ० | १ | दोहोरो जिम्मेवारी |
| २ | अधिकृतस्तर नवौं/दशौं | प्रशासन/सा.प्र | ३ | २ | १ | |
| ३ | उपसचिव | न्याय/कानून | १ | १ | ० | |
| ४ | अधिकृतस्तर आठौं/सातौं | प्रशासन/सा.प्र | ६ | ४ | २ | २ काजमा |
| ५ | अधिकृतस्तर आठौं/सातौं | इन्जि/टेली | १ | ० | १ | |
| ६ | कानून अधिकृत | न्याय/कानून | २ | २ | ० | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | १ | ० | १ | १ काजमा |
| ८ | अधिकृत. छैठौं/ सहायक पाँचौं | प्रशासन/सा.प्र/ लेखा/विविध | १३ | ९ | ४ | १ काजमा |
| ९ | हलुका सवारी चालक | प्रशासन/सा.प्र | ४ | ४ | ० | |
| १० | कार्यालय सहयोगी | प्रशासन/सा.प्र | ६ | ६ | ० | |
| **जम्मा** | | | ३८ | २८ | १० | |

## २. मन्त्रालयबाट प्रदान गरिने सेवा:

बागमती प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० ले तोकेको कार्यक्षेत्र अन्तरगतका कार्यहरु मन्त्रालयको संगठन संरचना र सो अनुसार कार्यजिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रवाह हुने गरेको। मन्त्रालयले विशेषगरि कानून निर्माण, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सुचना तथा सञ्चार र प्रदेश सभा मामिला सम्बन्धि क्षेत्रमा कार्य गर्ने गर्दछ।

## ३. सेवा प्रदान गर्ने निकायको महाशाखा/ शाखा र जिम्मेवार कर्मचारी:

| क्र.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| क | माननीय मन्त्रीज्यूको सचिवालय | सर्वेस वन्जरा | अधिकृत आठौं |
| ख | श्रीमान सचिवज्यूको सचिवालय | सम्झना दुलाल | खरिदार |
| **१.** | **प्रशासन, योजना तथा सूचना समन्वय महाशाखा** | **हरिहर पोखेल** | **अधिकृत दशौं** |
| १.१ | प्रशासन तथा योजना शाखा | रबिता कार्की | अधिकृत आठौ |
| | | उमेश सोती | कम्प्युटर अधिकृत छैटौं |
| | | धनमाया लम्साल | कम्प्युटर अधिकृत छैटौं |
| | | अनिमेष पौडेल | सहायक पाँचौ |
| १.२ | सञ्चार तथा सूचना प्रविधि शाखा | विकास भट्टराई | सहायक पाँचौ |
| १.३ | आर्थिक प्रशासन शाखा | मधुकुमार ढुङ्गाना | लेखा अधिकृत |
| | | बाबुराम वाईवा | सहलेखापाल |
| **२.** | **शान्ति सुरक्षा महाशाखा** | **हरिहर पोखेल** | **अधिकृत दशौं** |
| २.१<br>२.२ | प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा<br>शान्ति सुरक्षा तथा स्थानीय प्रशासन शाखा | भीमलाल महर्जन<br>विकास भट्टराई | शाखा अधिकृत<br>सहायक पाँचौ |
| **३.** | **कानून तथा प्रदेश सभा मामिला महाशाखा** | **मनुका घिमिरे** | **उपसचिव** |
| ३.१ | कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा | पारसमणी शर्मा | कानून अधिकृत |
| | | धर्मराज गुप्ता | कम्प्युटर अपरेटर |
| ३.२ | प्रदेश सभा मामिला तथा कानून सम्पादन शाखा | रामबहादुर चन्द | कानून अधिकृत |
| | | रुद्र कुमारी श्रेष्ठ | कम्प्युटर अधिकृत छैटौ |

| क्र.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| ४ | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन महाशाखा** | **सुरेश खनाल** | **अधिकृत नवौं** |
| ४.१ | जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पुनर्लाभ शाखा | टिका शर्मा<br>अस्मिता ज्ञवाली<br>उमेश सोती<br>अनिमेश पौडेल | अधिकृत आठौं<br>अधिकृत सातौं<br>कम्प्युटर अधिकृत छैटौं<br>सहायक पाँचौ |
| ४.२ | विपद् अनुसन्धान, कार्यसञ्चालन तथा क्षमता विकास शाखा | | |

## ४. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

सुचनाको हक सम्बन्धी ऐन तथा नियममा भएको व्यवस्था बमोजिम ।

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. निर्णय प्रक्रिया सम्बन्धमा।

विषयगत मन्त्रालय/निकायहरु, लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त पत्रहरु माननीय मन्त्रीज्यू वा कार्यालय प्रमुख (श्रीमान सचिवज्यू) बाट तोकादेश भएबमोजिम सम्बन्धित महाशाखा/शाखा मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढाईने।

### ख. निर्णय गर्ने अधिकारी।

- माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीस्तरबाट।
- अख्तियारी बमोजिम सचिवस्तरबाट।
- अख्तियारी बमोजिम उपसचिवस्तरबाट ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालय प्रमुखः श्री पूर्ण बहादुर दर्जी

## ७. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सम्पादन भएका कार्यहरु (साउन देखि कार्तिक मसान्तसम्म)

१. संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ प्रदेशस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरि भव्यताका साथ मनाईएको।

२. मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरी प्रदेश सरकारका मन्त्रालय/निकायहरुमा पठाईएको।

३. प्रदेश सभा सचिवालयको संसदीय दलको कार्यसंचालनमा सहजीकरण गर्न कुल ९ जना , प्रदेश सभाको बैठकलाई सरकारी कामकाजको तामाङ र नेपाल भाषामा अनुवाद गर्नका लागि १।१ अनुवादकको अस्थायी दरबन्दी स्वीकृत गरिएको।

४. कार्यालय तथा कर्मचारी व्यवस्थापनका सम्बन्धी कार्य गरिएको।

५. जिल्ला विपद् व्यवस्थापन समिति, काठमाण्डौ र जिल्ला विपद् व्यवस्थापन समिति रामेछापलाई प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० बमोजिम राहत वितरण गर्ने प्रयोजनार्थ १०/१० लाख रकम प्रदान गरिएको।

६. विपद् खोज, उद्धारलाई थप प्रभावकारी बनाउन मन्त्रालयबाट गत आमा.व. खरिद गरिएका विपद् उद्धार सामाग्रीहरु प्रदेशस्तरीय सुरक्षा निकायहरुलाई वितरण गरिएको।

७. विपद् जोखिम न्यूनीकरणका लागि satellite प्रविधिको प्रयोगका सम्बन्धमा सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम गरिएको।

८. मिति २०८१ असोज १० गते देखि २०८१ असोज १३ गते सम्म भएको अविरल वर्षाका कारण सिर्जित विपद्बाट भएको क्षतिको तथ्याङ्क संकलन, खोज, उद्धार तथा राहत वितरण लगायतका विषयमा सम्बोधन गर्न जिल्ला विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषमा रकम प्रदान गर्ने निर्णय भएको।

### प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको २०८१/०६/१४ गतेको निर्णय अनुसार

- प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम राहत वितरण गर्ने प्रयोजनार्थ देहायका जिल्लाका विपद् व्यवस्थापन कोषमा कुल रु. दुई करोड तीस लाख रकम दाखिला गरिएको।
    - काभ्रेपलाञ्चोक जिल्लालाई ६०(साठी) लाख,
    - ललितपूर जिल्लालाई ३०(तीस लाख),

- काठमाण्डौ जिल्लालाई २०(बीस लाख),
- सिन्धुपाल्चोक जिल्लालाई २०(बीस लाख)
- दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, भक्तपुर जिल्लाहरुलाई दश दश/लाख

➢ बागमती प्रदेशका १३ वटा जिल्ला विपद् व्यवस्थापन कोषमा खोज, उद्धार र प्रतिकार्य सँग सम्बन्धित ईन्धन लगायत तोकिएका अत्यावश्यक कार्य गर्न रु.पाँच/पाँच लाखका दरले कुल रु. पैसठ्ठी लाख रकम प्रदान गरिएको।

**प्रदेश विपद् व्यवस्थापन परिषद्को मिति २०८१।०६।१८ को निर्णयबाट प्रदान**

**विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य तर्फ**

➢ विपद् संकटग्रस्त स्थानीय तह र अन्य जोखिमयुक्त ४५ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल  रु. पाँच करोड असी लाख रकम प्रदान गरिएको।

| सि.नं | वर्ग | जिल्ला | स्थानीय तह | रकम(रु. लाखमा) |
|---|---|---|---|---|
| १ | क | काभ्रेपलान्चोक | रोशी गाउँपालिका | २० |
| २ | क | काभ्रेपलान्चोक | तेमाल गाउँपालिका | २० |
| ३ | क | काभ्रेपलान्चोक | पनौती नगरपालिका | २० |
| ४ | क | काभ्रेपलान्चोक | बेथानचोक गाउँपालिका | २० |
| ५ | क | सिन्धुली | सुनकोशी गाउँपालिका | २० |
| ६ | क | ललितपुर | महाँकाल गाउँपालिका | २० |
| ७ | क | मकवानपुर | इन्द्रसरोबर गाउँपालिका | २० |
| **जम्मा** | | | **१४० (एक करोड चालीस लाख मात्र)** | |
| १ | ख | ललितपुर | गोदावरी नगरपालिका | १५ |
| २ | ख | ललितपुर | कोन्ज्योसोम गाउँपालिका | १५ |
| ३ | ख | ललितपुर | बागमती गाउँपालिका | १५ |
| ४ | ख | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | १५ |
| ५ | ख | सिन्धुपाल्चोक | लिसंखुपाखर गाउँपालिका | १५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ख | भक्तपुर | सुर्यविनायक नगरपालिका | १५ |
| ७ | ख | मकवानपुर | बागमती गाउँपालिका | १५ |
| ८ | ख | काठमाडौं | चन्द्रागिरी नगरपालिका | १५ |
| ९ | ख | काठमाडौं | नागार्जुन नगरपालिका | १५ |
| १० | ख | रामेछाप | खाँडादेवी गाउँपालिका | १५ |
| ११ | ख | दोलखा | बिगु गाउँपालिका | १५ |
| १२ | ख | धादिङ | गजुरी गाउँपालिका | १५ |
| **जम्मा** | | | **१८० (एक करोड असी लाख मात्र)** | |
| १ | ग | दोलखा | शैलुङ गाउँपालिका | १० |
| २ | ग | दोलखा | गौरीशंकर गाउँपालिका | १० |
| ३ | ग | दोलखा | तामाकोशी गाँउपालिका | १० |
| ४ | ग | धादिङ | बेनिघाट रोराङ गाउँपालिका | १० |
| ५ | ग | धादिङ | नेत्रावती डब्जोङ गाउँपालिका | १० |
| ६ | ग | धादिङ | धुनिवेशी नगरपालिका | १० |
| ७ | ग | रामेछाप | गोकुलगंगा गाउँपालिका | १० |
| ८ | ग | रामेछाप | दोरम्बा शैलुङ गाउँपालिका | १० |
| ९ | ग | रामेछाप | मन्थली नगरपालिका | १० |
| १० | ग | रामेछाप | रामेछाप नगरपालिका | १० |
| ११ | ग | रामेछाप | सुनापति गाँउपालिका | १० |
| १२ | ग | रामेछाप | लिखु तामाकोशी गाँउपालिका | १० |
| १३ | ग | रामेछाप | उमाकुण्ड गाँउपालिका | १० |
| १४ | ग | सिन्धुली | गोलन्जोर गाउँपालिका | १० |
| १५ | ग | सिन्धुली | फिक्कल गाउँपालिका | १० |
| १६ | ग | मकवानपुर | बकैया गाउँपालिका | १० |
| १७ | ग | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | १० |

| | | | | |
|---|---|---|---|---|
| १८ | ग | सिन्धुपाल्चोक | पाँचपोखरी थाङ्पाल गाउँपालिका | १० |
| १९ | ग | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | १० |
| २० | ग | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | १० |
| २१ | ग | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका | १० |
| २२ | ग | काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका | १० |
| २३ | ग | काभ्रेपलाञ्चोक | चौरीदेउराली गाउँपालिका | १० |
| २४ | ग | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका | १० |
| २५ | ग | चितवन | माडी नगरपालिका | १० |
| २६ | ग | चितवन | इच्छाकामना गाउँपालिका | १० |
| **जम्मा** | | | **२६० (दुई करोड साठी लाख मात्र)** | |
| **कूल जम्मा** | | | **५८० (पाँच करोड असी लाख मात्र)** | |

- ललितपुरको नख्खुखोलाले बगाएका दुई जनाको उद्धार गर्ने श्री चणिकलाल तामाङज्यूको साहसिक कार्यको कदर गर्दै प्रदेश सरकारको तर्फबाट कुल १ लाख ५० हजार प्रदान गर्ने निर्णय भएको।
- विपद् व्यवस्थापनका सन्दर्भमा आ.व. २०८०/८१ मा सम्पादित कार्यहरु समावेश गरि मन्त्रालयबाट तयार पारिएको विपद् प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाईएको।
- मिति २०८१।०७।०६ गते प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका देहायका कुल ९ र अन्य ४ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल रु.१ करोड ३२ लाख प्रदान गरिएको।

| जिल्ला | स्थानीय तह | रकम |
|---|---|---|
| काभ्रेपलाञ्चोक | भुम्लु गाउँपालिका | लाख १० |
| काभ्रेपलाञ्चोक | खानीखोला गाउँपालिका | लाख १० |
| काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | लाख १० |
| चितवन | भरतपुर महानगरपालिका | लाख १० |
| धादिङ | खनियाबास गाउँपालिका | लाख १० |
| मकवानपुर | भीमफेदी गाउँपालिका | लाख १० |
| सिन्धुली | हरिहरपुरगढी गाउँपालिका | लाख १० |
| सिन्धुपाल्चोक | बाह्रविसे नगरपालिका | लाख १० |
| सिन्धुपाल्चोक | बलेफी गाँउपालिका | लाख १० |
| **कुल जम्मा** | | **९० लाख** |
| **जिल्ला** | **स्थानीय तह** | **रकम** |
| काभ्रे | रोशी गाँउपालिका | १२ लाख |
| काठमाण्डौ | दक्षिणकाली नगरपालिका | लाख १० |
| ललितपूर | महालक्ष्मी नगरपालिका | लाख १० |
| धादिङ | थाक्रे गाँउपालिका | लाख १० |
| **कुल जम्मा** | | **४२ लाख** |

**शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन तर्फः**

१. कारागार कार्यालय (नुवाकोट, चितवन, सिन्धुली, धादिङ, रसुवा, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक) लाई ८ थान राईस स्टिमर र २५ थान लुगा सिलाउने मेसिन साथै ५ थान इन्टरलक मेसिन खरिद गरि हस्तान्तरण गरिएको।

२. मन्त्रालयबाट गत आ.व.मा खरिद गरिएका डेक्सटप कम्प्युटर सेट जिल्ला प्रहरी परिसर काठमाडौं, भक्तपुर, ललितपुरलाई हस्तान्तरण गरिएको।

३. महिला शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाबमोजिम प्रदेश निर्देशक समितिको गठन भई कार्य प्रारम्भ भएको ।

४. बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय इकाईबाट कार्यान्वयन हुने बहुबर्षिय आयोजनाको अख्तियारी प्रदान गर्नका लागि नेपाल सरकार गृह मन्त्रालय र अर्थ मन्त्रालयसँग सहमति माग गरिएको।

५. मन्त्रालयको आर्थिक तथा बागमती प्रदेश प्रहरी कार्यालयको प्राविधिक सहयोगमा बहुबर्षिय आयोजना रुपमा कार्यान्वयन भएको प्रहरी चौकी, हर्षाही सिन्धुलीको निर्माण सम्पन्न भई उद्घाटन समेत भईसकेको।

६. बागमती प्रदेशका जिल्ला सुरक्षा समिति र प्रदेश सुरक्षा समिति बिच भर्चुअल माध्यमबाट अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी प्रदेशको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापनको सम्बन्धमा छलफल गरिएको।

**कानून तर्जुमा तथा राजपत्र प्रकाशन तर्फः**

१. प्रदेश राजपत्रमा ऐन-३, सुचना- ८ प्रकाशन गरिएको।

२. प्रदेश चलचित्र सम्वन्धी व्यवस्था गर्न वनेको विधेयक, २०८१ तर्जुमा गरिएको।

३. मन्त्रालय र मातहत कार्यालय अन्तरगत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वनका लागि देहायका ३ कार्यविधि निर्माण गरिएको।

- स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यबिधि २०८१
- मौलिक चलचित्र निर्माण तथा प्रबर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यबिधि २०८१
- प्रदेश गतिबिधि उत्पादन, प्रकाशन  तथा प्रसारण कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१”

४. प्रदेश सरकारका विषयगत मन्त्रालयबाट तर्जुमा भएका विद्येयक-४, नियमावली-२, मापदण्ड-२, कार्यविधि-१ को मस्यौदामा राय/सहमति प्रदान गरिएको।

**<u>विधेयक</u>**

- प्रदेश खेलकुद विकास (पहिलो संशोधन) विधेयक, २०८१
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
- प्रादेशिक व्यापार तथा व्यवसाय  सम्वबधी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**नियमावली**

- प्रदेश सूचनाको हक सम्बन्धी नियमावली, २०८१
- प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० को संशोधन प्रस्ताव

**मापदण्ड**

- प्रदेश सार्वजनिक खर्चको (पहिलो संशोधन) मापदण्ड, २०८१
- सवारी साधन खरिद सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१

**कार्यविधि**

- विस्तारित शिक्षा तालिम इकाई व्यवस्थापन कार्यविधि, २०८१

५. प्रदेश महिलाको हकको व्यवस्था गर्न बनेको विधेयकमा सैद्धान्तिक सहमति प्रदान गरिएको।

६. स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि २०८१ बमोजिम स्थानिय तहमा कार्यरत न्यायिक सहजकर्ताहरुको करार थप गर्ने कार्य भएको साथै बलेफी गाँउपालिका र बकैया गाँउपालिकामा रिक्त रहेका न्यायिक सहजकर्ताको नियुक्ति समेत गरिएको ।

७. चितवन जिल्लाका सूचना अधिकारी र सरोकारवालाहरु बीच सूचनाको हक प्रवर्द्धन कार्यक्रम संचालन गरिएको।

८. मानव अधिकार संरक्षणमा प्रदेशको भूमिकाका सम्बन्धमा प्रदेश सचिवज्यूहरु र मानवअधिकार संरक्षण सम्बन्धी सरोकारवालाहरु बीच कार्यक्रम सम्पन्न गरिएको।

## ८. प्रवक्ता र सुचना अधिकारीको विवरण:

**प्रवक्ताको विवरणः**

नामः मनुका घिमिरे
पदः उप-सचिव
महाशाखा: कानून महाशाखा



## सूचना अधिकारीको विवरणः



नामः रबिता कार्की
पदः अधिकृत आठौं
शाखाः प्रशासन तथा योजना शाखा

## ९. सुचना माग सम्बन्धि कार्यालयमा प्राप्त निवेदन

यस प्रतिवेदनको अवधि (२०८१ साउन देखि २०८१ कार्तिक मसान्तसम्म) ३ वटा लिखित निवेदन प्राप्त भएको।

## १०. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिकाको विवरणः

आन्तरिक मामिला तथा कानून मन्त्रालयले आफुलाई तोकिएको कार्यजिम्मेवारी वहन गरी कार्यसम्पादन गर्न मन्त्रालयसँग प्रत्यक्ष रुपमा सम्बद्ध विभिन्न कानुनहरु तर्जुमा गरेको छ। यसका साथै वार्षिक रुपमा स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि समेत मन्त्रालयले विभिन्न कार्यविधि, मापदण्ड, योजनाहरु तर्जुमा गरेको छ। जुन निम्नानुसार रहेको छ।

**ऐन**

- प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७४
- प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- प्रदेश विपद् व्यवस्थापन ऐन,२०७५
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ (दोस्रो संशोधन, २०८०)
- विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन,२०७६
- प्रदेश प्रहरी ऐन,२०७७
- प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९

**नियमावली**

- बामगती प्रदेशको प्रदेश सभा नियमावली,२०७४
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली,२०७६

**निर्देशिका/कार्यविधि/मापदण्ड**

- प्रदेश राजपत्र प्रकाशन सम्बन्धि निर्देशिका, २०७६

- प्रदेशका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धि कार्यविधि, २०७८
- सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८
- प्रदेश गोदामघर व्यवस्थापन कार्यविधि,२०७९
- आन्तरिक नियन्त्रण प्रणाली, २०७९
- बागमती प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०
- प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८०
- स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन), २०८०
- द्वन्द्वपीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम कार्यान्वय कार्यविधि, २०८०
- जनचेतनामूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८०
- मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- युवा सचेतना अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- प्रदेश स्वंमसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०८०
- स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि २०८०
- स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यबिधि २०८१
- मौलिक चलचित्र निर्माण तथा प्रबर्द्धनमा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यबिधि २०८१
- प्रदेश गतिबिधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१

## ११. मन्त्रालयको वेवसाईट तथा ई-मेल:

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको वेवसाईट तथा ईमेल निम्नअनुसार रहेको छ।

वेवसाईट: moial.bagamati.gov.np

ई-मेल: moial@bagamati.gov.np

माथि उल्लेखित वेवसाईटमा यस कार्यालयसँग सम्बन्धित सम्पुर्ण सुचना तथा जानकारी एवं नीति नियमहरु उपलब्ध रहेका छन।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### क. राजस्व संकलनको अवस्था

यस मन्त्रालयतर्फ चालु आर्थिक वर्ष २०८१/८२ साउन देखि २०८१ कार्तिक मसान्त सम्म कुल १ लाख ५६ हजार ४ सय १३ रुपैया राजस्व संकलन भएको देखिन्छ।

रकम रु.मा

| मन्त्रालय तर्फ | | | | |
|---|---|---|---|---|
| | राजश्व ख.शी.नं. | राजश्व शीर्षक | संकलित रकम | कैफियत |
| | १४२१३ | अन्यविक्रीबाट प्राप्त रकम | ११००० | |
| | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८४०० | |
| | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४०० | |
| | १४५२९ | अन्य राजश्व | ८५१५ | |
| | १५१११ | बेरुजु | १२८१०१ | |
| **मन्त्रालय तर्फको जम्मा** | | | **१५६४१६** | |

स्रोतः आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश।

## ख. मन्त्रालयको वार्षिक बजेट र खर्च विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशको आर्थिक वर्ष २०८१/८२ को साउन महिना देखि कार्तिक मसान्तसम्मको खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

रकम रु. मा

| क्र.सं. | बजेटको किसिम | बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | चालु | २४९,६५४,०००.०० | ११०,०८२,३८५.५८ | ४४.०९ | मन्त्रालयको मात्र। |
| २. | पुँजीगत | २४८,९१८,०००.०० | २,०१०,५९३.०० | ०.८१ | |
| **जम्मा** | | **४९८,५७२,०००.०००** | **११२,०९२,९७८.५८०** | **२२.४८** | |

स्रोतः आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश।

## ग. खर्च शीर्षक अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च विवरण (आर्थिक वर्ष २०८१/८२ को साउन महिना देखि कार्तिक मसान्तसम्मको)

रकम रु. मा

| खर्च शीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २१११ पारिश्रमिक कर्मचारी | २४,७४९,000.00 | ४,१५१,८५७.४० | १६.७८ |
| २११२१ पोशाक | १,५८0,000.00 | 0.00 | 0.00 |
| २११३२ महंगी भत्ता | ९१२,000.00 | १७३,४६६.00 | १९.0२ |
| २११३४ कर्मचारीको बैठक भत्ता | १,000,000.00 | ७0,000.00 | ७.00 |
| २११३९ अन्य भत्ता | २0३,000.00 | 0.00 | 0.00 |
| २११४१ पदाधिकारी बैठक भत्ता | २00,000.00 | 0.00 | 0.00 |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३00,000.00 | १८,६३३.६0 | ६.२१ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १५0,000.00 | २२,४00.00 | १४.९३ |
| २२१११ पानी तथा बिजुली | १,४00,000.00 | ३७,९५0.00 | २.७१ |
| २२११२ संचार महसुल | २,४00,000.00 | २५,0७३.00 | १.0४ |
| २२२११ इन्धन (पदाधिकारी) | २00,000.00 | १७,३९१.00 | ८.७0 |

| खर्च शीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,६१०,०००.०० | २८६,२९३.३३ | १७.७८ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १,९००,०००.०० | ३६५,६३८.०० | १९.२४ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ७७५,०००.०० | ३,५००.०० | ०.४५ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६५०,०००.०० | ०.०० | ०.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,५००,०००.०० | ०.०० | ०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,०००,०००.०० | १,२५५,७७०.०० | ६२.७९ |
| २२३१४ इन्धन अन्य -प्रयोजन | २८०,०००.०० | ३,८२०.०० | १.३६ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,९६०,०००.०० | ३१०,९४७.०० | १५.८६ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ७००,०००.०० | ३७६,१२९.०० | ५३.७३ |
| २२४११ सेवा र परामर्श खर्च | १,५००,०००.०० | ०.०० | ०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १००,०००.०० | ०.०० | ०.०० |
| २२४१३ करार सेवा शुल्क | ४,६२०,०००.०० | १,१८८,४१७.२५ | २५.७२ |
| २२५११ कर्मचारी तालिम खर्च | ९००,०००.०० | ०.०० | ०.०० |

| **खर्च शीर्षक** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७,४००,०००.०० | ०.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | ३१,३००,०००.०० | ४००,३५०.०० | १.२८ |
| २२५२९ विविध कार्यक्रम खर्च | १३४,९५०,०००.०० | १००,५७७,१४८.०० | ७४.५३ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ९००,०००.०० | २१९,६४१.०० | २४.४० |
| २२६१२ भ्रमण खर्च | १,०९५,०००.०० | १४८,४००.०० | १३.५५ |
| २२७११ विविध खर्च | १,२००,०००.०० | २७३,६६१.०० | २२.८१ |
| २६४१३ अन्य संस्थालाई अनुदानसःशर्त ‘ | ४,०००,०००.०० | ०.०० | ०.०० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ६,०००,०००.०० | ०.०० | ०.०० |
| २८१४२ घर भाडा | ७२०,०००.०० | १००,०००.०० | १३.८९ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५००,०००.०० | ५५,९००.०० | ११.१८ |
| **चालु तर्फ जम्मा** | **२४९,६५४,०००.००** | **११०,०८२,३८५.५८** | **४४.०९** |
| ३१११२ गैर आवासीय भवन निर्माणखरिद/ | १२०,१८३,०००.०० | ०.०० | ०.०० |
| ३११२१ सवारी साधन | ९००,०००.०० | ०.०० | ०.०० |

| खर्च शीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
| --- | --- | --- | --- |
| ३११२२ मेशिनरी तथा औजार | २१,२७५,०००.०० | १,३८१,२३४.०० | ६.४९ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ४,०००,०००.०० | ५२२,७०४.०० | १३.०७ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १००,०००.०० | ०.०० | ०.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ४,०००,०००.०० | ०.०० | ०.०० |
| ३११४१ सुरक्षा उपकरण प्राप्ति खर्च | ६७,०००,०००.०० | ०.०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६,९००,०००.०० | ०.०० | ०.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २४,५६०,०००.०० | १०६,६५५.०० | ०.४३ |
| **पुँजीगत तर्फ जम्मा** | **२४८,९१८,०००.००** | **२,०१०,५९३.००** | **०.८१** |
| **मन्त्रालयको कुल जम्मा** | **४९८,५७२,०००.०००** | **११२,०९२,९७८.५८०** | **२२.४८** |

स्रोत: आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश।